# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
**Nepal Federation of Indigenous Nationalities (NEFIN)**
**Secretariat of Federal Council**

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


नेपाल आदिवासी जनजाति महासंघ स्था.२०४७ संघीय परिषद्को सचिवालय

**मिति : २०७० असोज ९ गते**

श्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यू,
अध्यक्ष,
एकीकृत नेकपा माओवादी
श्री सुशील कोईरालाज्यू,
सभापति,
नेपाली कांग्रेस
श्री झलनाथ खनालज्यू,
अध्यक्ष,
नेकपा एमाले
सबै राजनितिक दलहरु

**विषय : घोषणापत्र बारे ध्यानआकर्षण ।**

सम्पूर्ण आदिवासी जनजातिहरुको साझा संगठन नेपाल आदिवासी जनजाति महासंघले आदिवासी जनजातिहरुको अधिकारको सवालमा निरन्तर रुपमा काम गर्दै आएको ब्यहोरा आदरणीय अध्यक्षज्यूलाई अवगत गराउँदछौं। १० वर्षे शसस्त्र द्वन्द्व र ०६२।०६३ को जनआन्दोलनमा हामी आदिवासी जनजातिहरुको भुमिका र सहभागिता कुनै राजनीतिक दलको भन्दा कम रहेको थिएन । तत्कालीन राजा ज्ञानेन्द्र शाहले गरेको 'कु'को कारण राजनीतिक दलहरु ०६२।०६३ को जनआन्दोलनमा सडकमा निस्कनै नसक्ने अवस्थामा नेपाल आदिवासी जनजाति महासंघको शसक्त आन्दोलनले निषेधाज्ञाको बेवास्ता गर्दै सवै क्षेत्रवाट नेपाल आदवासी जनजाति महासंघलगायत नागरिक समाज, पत्रकार, मानव अधिकारवादी उर्लिए पछि ०६२।०६३ को जनआन्दोलनमा राजनीतिक दलहरुलाई सडक आन्दोलनको निम्ति वातावरण सहज भएको थियो । तर जनआन्दोलनको सफलता पश्चात अन्तरिम संविधान जारी भए पछि अन्तरिम संविधानका केही बुँदाहरुमा बिरोध जनाउदै नेपाल आदिवासी जनजाति महासंघले शसक्त आन्दोलन गरेकै थियो । नेपाल आदिवासी जनजाति महासंघ र नेपाल सरकार बीच २०६४ श्रावण २२ गते ललितपुरको गोदावरीमा सरकारी बार्ता टोली र नेपाल आदिवासी जनजाति महासंघबीच २० बुदें सम्झौता भई संविधानसभामा आदिवासी जनजाति समुदायको पूर्ण समानुपातिक प्रतिनिधित्व तथा न्यूनतम् एक जाति एक प्रतिनिधिको सुनिश्चित गराउने सहमति भएको थियो । उक्त सहमतिको परिणाम स्वरुप पहिलो संविधानसभामा आदिवासी जनजातिहरुको उचित प्रतिनिधित्व नभएपनि केही हदसम्म समेटिएको थियो त्यसमा पनि २६ वटा आदिबासी जनजातिको समुदायको प्रतिनिधित्वि हुन भने सकेको थिएन । बिडम्बना पहिलो संविधानसभाले नेपाली जनतालाई संविधान दिन सकेन ।

ऐतिहासिक संविधानसभा विघटन भएपश्चात राजनितिक घटनाक्रमहरुलाई हेर्दा मुलुकको प्रमुख राजनितिक दलहरु र वर्तमान सरकार आदिवासी जनजातिको पहिचान अनुरुपको समावेशी चरित्रको राज्यव्यवस्था, पहिचान सहितको संघीयता, धर्म निरपेक्षता सहितको परिवर्तनकारी नयाँ संविधान जारी गर्ने राष्ट्रिय दायित्ववाट पछि हटेको हामीलाई महशुस भएको छ । यसका बाबजुद नेपालका प्राय सबै राजनैतिक दलहरु दोस्रो संविधानसभाको चुनावमा केन्द्रीत भएका छन् । दोस्रो संविधानसभाको निर्वाचानमा नेपालका सम्पूर्ण आदिवासी जनजातिहरुले उक्त निर्वाचनलाई आफ्नो अधिकार संविधानमा सुनिश्चित गराउने एक मात्र विकल्प हो भन्ने विश्वास दिलाउन संविधानसभामा आदिवासी जनजातिहरुको जातीय जनसख्याको आधारमा पूर्णसमानुपातिक तथा न्यनतम एक जाति एक प्रतिनिधी

# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
**Nepal Federation of Indigenous Nationalities (NEFIN)**
**Secretariat of Federal Council**

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


सुनिश्चित गराउने प्रतिवद्धता अन्तरिम संविधानमा तथा राजनैतिक दलहरुको इच्छा शक्ति तथा घोषणपत्रमा उल्लेख हुन अनिवार्य छ । पहिचान सहितको संघीय संविधान, स्वशासन भित्रको

स्वशासन, आत्मनिर्णयको अधिकार, आई एल ओ महासन्धि १६९ र संयुक्त राष्ट्र संघको आदिवासी जनजातिको अधिकार संवन्धि घोषणा पत्र (UNDRIP) को अक्षरस कार्यान्वयन तथा **नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र (ICCPR ) १९६६, आर्थिक, सामाजिक, सास्कृतिक अधिकार सम्वन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र (ICESCR), १९६६, सवै प्रकारको जातिय भेदभाव उन्मुलन गर्ने अन्तराष्ट्रिय महासन्धि (ICERD), १९६५, र अन्य विभिन्न अन्तराष्ट्रिय कानुनहरु द्वारा प्रत्याभूत** गरेको अधिकारकारलाई टेकेर २०६४ चैत्र २८ गते सम्पन्न पहिलो ऐतिहासीक संविधानसभावाट गठीत संविधानसभामा आदिवासी जनजातिहरुको संस्थागत प्रतिनिधित्व र संविधानसभामा गठीत विषयगत समितिहरुमा आदिवासी जनजाति सँग सम्वन्धित विषयगत समिति गठनको लागी नेपालका आदिवासी जनजातिहरुको तर्फवाट नेपालका आदिवासी जनजातिहरुको मानव अधिकार सम्वन्धि वकिल समूह ( लाहुर्नप) लगायत विभिन्न २० वटा आदिवासी जनजाति संधसंस्थाहरुले संयुक्तरुपमा मिति २०६५ साल फाल्गुण १ गते सम्मानित सर्वोच्च अदालतमा नेपाल सरकार र सरकार विभिन्न सरोकारवाला मन्त्रालय, विभाग र समिति गरी २१ वटा निकायलाई विपक्षी वनाई रीट नं. ०४७५ मा दर्ता गरेको थियो ।

आदिवासी जनजाति रीट निवेदकहरुको मागको गभिरतालाई ध्यानमा राखी सम्मानित सर्वोच्च अदालतले मिति २०७० साल वैशाख ८ गते उक्त रीटको फैसला गर्दै विपक्षीको नाममा निर्देशनात्मक आदेश जारी गरेको राजनितिका दलहरुलाई अवगत हुनुपर्दछ । सम्मानित सर्वोच्च अदालतको आदेश अनुसार दोश्रो संविधानसभाको निर्वाचन अगवै संविधानसभा सदस्य निर्वाचन ऐन । २०६४, संविधानसभा सदस्य निर्वाचन नियामवली। २०६४, संविधानसभा नियमावली २०६५ लाई संसोधन र परिमार्जन गरी दोश्रो संविधानसभामा आदिवासी जनजातिहरुको संस्थामार्फत संस्थागत प्रतिनिधित्व हुने गरी व्यवस्था गर्न, राज्यको सम्पूर्ण संरचनाहरुमा जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व, समानुपातिक प्रतिनिधित्वमा छुटेका आदिबासी जनजाति समुदायको लागि विशेष आरक्षणको व्यवस्था लगायत समावेशी चरित्रको राज्य निमार्णको लागि तत्काल गर्न सक्ने विषयहरुमा तत्काल सम्वोधन गर्न अध्यक्षज्यू समक्ष अपिल पनि गर्दछौं ।

नेपाल आदिवासी जनजाति महासंघको स्पष्ट धारणा नेपालमा रहेका सबै राजनैतिक दलहरु, सबै समुदायहरु संविधानसभा जस्तो ऐतिहासिक निर्वाचनमा सहभागिताले मात्र सम्पूर्ण नेपाली जनताको चाहाना अनुरुपको संविधान बन्न सक्दछ । त्यसका लगि ने.क.पा.-माओवादी सहितको ३३ दलको मोर्चालाई पनि निर्वाचन प्रक्रियामा सामेल गराउन अपिल गर्दछौं । अहिले राजनैतिक दलहरु जनता सामु जानको लागि आफ्नो पार्टीको दस्ताबेजको रुपमा 'चुनावी घोषणापत्र' बनाउँदै छ । उक्त घोषापत्रमा हामी सम्पूर्ण आदिबासी जनजातिहरुलाई समेटी भय रहित वातावरणमा निर्धक्क भएर मतदान गर्ने परिस्थिति सिर्जना गर्नको लागि आदिबासी जनजातिका मुद्दाहरुलाई समेट्नै पर्ने देखिन्छ, होइन भने आदिबासी जनजातिहरुले संविधान सभाको दोस्रो निर्वाचनको स्वामित्व ग्रहण गर्न सक्ने छैन । तसर्थ तपाईंको पार्टीले आदिबासी जनजातिको अमूल्य मत पाउनको लागि निम्न लिखित मुद्दाहरु तत्काल समेट्नु पर्ने जस्तै संविधानसभामा प्रतिनिधित्व गर्ने सभासद संख्या आदिवासी जनजाति समुदायहरुको लागि राज्यले व्यवस्था गरेको न्यूनतम ३७ प्रतिशत सुनिश्चित गुर्नु पर्ने साथै अन्य मुद्धाहरु आफ्नो चुनावी घोषणा पत्रमा समावेश गरी आदिबासी जनजातिको प्रतिनिधित्वलाई संविधान सभामा सुनिश्चित गर्न नेपाल आदिबासी जनजाति महासंघ हार्दिक ध्यानआकर्षण गर्दछ ।

नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

नेपाल आदिवासी जनजाति महासंघ स्था.२०४७ संघीय परिषद्को सचिवालय

**समेट्नु पर्ने मुद्धाहरु**

१) संविधानसभाको दोस्रो निर्वाचनमा आदिवासी जनजातिहरुको जातीय जनसख्याको आधारमा पूर्णसमानुपातिक प्रतिनिधित्व तथा न्यूनतम एक जाति एक प्रतिनिधी सुनिश्चित गरिनु पर्ने ।

२) मिति २०७० बैशाख ८ गते सम्मानित सर्वोच्च अदालतको निर्देशनात्मक अदेश अनुसार संविधानसभामा प्रतिनिधीत्वको लागी सम्बन्धित अदिवासी जनजातिहरुको आधिकारीक जातीय संगठनहरुको सिफारिसलाई राज्यले मान्यता दिनुपर्ने

३) अन्तरिम संविधान २०६४ मा व्यवस्था भए अनुसार दोस्रो संविधानसभामा न्यूनतम ३७ प्रतिशत आदिवासी जनजाति सभासद सख्या हुनु सुनिश्चित गर्नु पर्ने ।

४) पाटीहरुको घोषणापत्रमा आदिवासी जनजातिहरुले बुझ्ने गरी उनीहरुको मौलिक भाषामा प्रकाशित गर्नु पर्ने ।

५) आई एल ओ महासन्धि नं. १६९ र संयुक्त राष्ट्र संघको आदिवासी जनजातिको अधिकार सम्वन्धि घोषणा पत्र (UNDRIP) लगायत राज्यले अनुमोदन र हस्ताक्ष्र गरी नेपाल पक्ष राष्ट्र भएका सवै अन्तराष्ट्रिय सन्धि, महासन्धि र घोषणा पत्रहरुको अक्षरस पालन र कार्यान्वयनको सुनिश्चित्ताको प्रतिवद्धता सहित राजनितिक दलहरुको चुनावी घोषणा पत्रमा उल्लेमा उल्लेख गर्नु पर्ने ।

६) प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका आदिबासी जनजाति समुदायलाई उनीहरुकै आधिकारीक जातीय संगठनहरुको सिफारिसको आधारमा अन्तरिम संविधान

७) प्रत्येक भुगोल विभाग तथा संम्बन्धित निकायबाट सिफारिस गरिएका आदिवासी जनजाति उम्मेदारहरु न्यूनतम ३७ प्रतिशत प्रत्यक्ष तथा समानुपातिक उम्मेदार निश्चित गरिनु पर्ने त्यस पछि पाएको समानुपातिक सिट संख्यामा त्यतिकै अर्थात ३७ प्रतिशत सुनिश्चित गरिनु पर्ने

८) विगतमा नेपाल आदिवासी जनजाति महासंघ र नेपाल सरकारबीच भएको मिति २०६४ श्रावण २२ गते ललितपुरको गोदावरीमा २० बुँदे र मिति २०६९ जेठ ९ गते शान्ति तथा पुनर्निर्माण मन्त्रालय सिहंदरबार काठमाण्डौमा भएको ९ बुँदे संम्झौता अक्षरसा पालना गर्नु पर्ने ।

९) संविधानसभामा प्रतिनिधित्व हुने महिलाहरुको कोटामा आदिवासी जनजाति महलिाहरुको जातिय जनसंख्याको आधारमा पूर्ण समानपातिक प्रतिनिधित्वको सुनिश्चित हुनुपर्ने ।

१०) पहिलो संविधानसभामा सहमति भएको अल्पसख्यक आदिवासी जनजातिहरुको लागि प्रस्तावित २२ वटा स्वयत्ता क्षेत्रको संख्या बढाएर न्यूनतम सबै सुचीकृत अल्पसंख्यक आदिवासी जनजातिहरुका लागि सुनिश्चित गरिनु पर्ने ।

११) अन्तरिम संविधान २०६४ अनुसार व्यवस्था भएको मनोनित गरिने सबै २६ सिट संख्या आदिवासी जनजातिहरुको लागि मात्रै सुनिश्चित गरिनुपर्ने ।

१२) हिमाली क्षेत्रको मौसमी कठिनाईलाई ध्यान दिएर सवै जनताले सहज र अनुकुल समय वातावरणमा आफ्नो मतअधिकार प्रयोग गर्न सक्ने वातावरण निर्माण गर्नु पर्ने ।

१३) सर्वपक्षिया सहमतिमा भय रहित वातावरणमा आम नेपाली जनताले आफ्नो मताधिकार प्रयोग गर्न पाउँने वातावराण निर्माण गर्नु पर्ने ।

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

नेपाल आदिवासी जनजाति महासंघ स्था.२०४७ संघीय परिषद् सचिवालय

१४) पहिलो संविधान सभाले राज्य पुनर्संरचना समितिले प्रस्ताव गरेको राज्य पुनःसंरचनाको खाकालाई सुनिश्चित गरिनु पर्ने ।

नेपाल आदिवासी जनजाति महासंघ यी विभिन्न बुंदाउपर सम्बोधन गर्न जोडदार माग गर्दै यो **ध्यानआकर्षण पत्र** श्री अध्यक्षज्यू समक्ष पेश गर्दछौं । साथै हाम्रा मागहरुप्रति अविलम्ब सम्बोधन नभएको खण्डमा नेपाल आदिवासी जनजाति महासंघ दोस्रो संविधानसभालाई आफ्नो स्वामित्व ग्रहण गर्न सक्ने छैन र यसको अर्को बाटो भनेको माग पुरा गराउनका लागि शसक्त संघर्षमा उत्रन बाध्य हुने ब्यहोरा पनि यसै ज्ञापनपत्र मार्फत अवगत गराउँदछौं । **उक्त आन्दोलनबाट सिर्जना हुने परिणामको जवाफदेही राज्य सरकार तथा ठूला राजनीतिक दल हुनुपर्नेछ ।**

**बोधार्थः**

१) श्री संयोजक ज्यू,
उच्च स्तरीय राजनीतिक समिति ।

२) सम्माननीय अध्यक्ष ज्यू,
अन्तरिम चुनावी मन्त्री परिषद ।

३) श्री अध्यक्ष ज्यू,
सबै राजनीतिक दलहरु ।

४) श्री प्रमुख आयुक्त ज्यू,
निर्वाचन आयोग ।

..................
**नगेन्द्र कुमार कुमाल**
**अध्यक्ष**
**नेपाल आदिवासी जनजाति महासंघ**